काठमाण्डौ मेडिकल कलेज पब्लिक लिमिटेडको

# १४ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८०।०८।२२**

**शेयरधनी महानुभावहरु,**

मिति २०८०।०८।१७ गते आइतबार बसेको यस कम्पनीको सञ्चालक समितिको २५० औं बैठकको निर्णयानुसार कम्पनीको १४ औं साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न प्रस्तावमा छलफल र निर्णय गर्नका लागि बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरु स्वयं वा रितपूर्वकको प्रतिनिधिद्वारा उपस्थित हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, स्थान र समयः**

मितिः २०८० साल पौष १३ गते शुक्रबार

स्थानः होटेल रायन इभेन्ट्स, पिङ्गलास्थान, काठमाण्डौ

समयः विहान ११ बजे।

**सभामा प्रस्तुत छलफलका प्रस्तावहरु**

१. **सामान्य प्रस्तावः**

१.१ सञ्चालक समितिको तर्फबाट कार्यकारी अध्यक्षज्यूद्धारा पेश हुने कम्पनीको आ.व.०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

१.२ कम्पनीको आ.व.०७९/०८० को लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनूसुचीहरु पारित गर्ने।

१.३ कम्पनीको आ.व.०८०/०८१ को लेखा परिक्षण गर्नका लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने।

१.४ सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम आ.व.०७९।०८० को नाफा तथा संचित मुनाफाको रकम रु.४,८५,२०,४८५/-मध्येबाट २० प्रतिशत जगेडा राखी बाँकी ८० प्रतिशत रकम रु.३,८८,१६,३८८/–(चुक्ता पूँजीको ६.४६ प्रतिशत कर सहित) दरले शेयरधनीहरुलाई नगद लाभांस वितरण गर्ने प्रस्ताव पारित गर्ने।

२. **विशेष प्रस्तावः**

२.१ कम्पनीको नियमावलीको नियम २७(२) लाई संशोधन गर्ने।

२.२ अस्पतालको स्तर वृद्धिकालागि तत्काल विभिन्न प्रकारका स्वास्थ्य उपकरणहरु खरिद गरी विश्वस्तरिय स्वास्थ्य सेवा संचालन गर्नुपर्ने भएको, स्वास्थ्य सेवा संचालनार्थ आवश्यकता अनुसार घर जग्गा समेत खरिद गनुपर्ने अवस्था भएकाले सो को लागी आवश्यक पर्ने श्रोत जुटाउन विभिन्न बैंकहरुबाट कर्जा लिनका लागी कम्पनी ऐन, २०६३ को दफा १०५(ख) बमोजिम सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने।

३. **विविध।**

३.१ कम्पनीको व्यवसाय विस्तारकालागि समान उद्देश्य भएको विभिन्न कम्पनी/अस्पताल/शिक्षण संस्थाहरु खरिद गर्न तथा त्यस्ता कम्पनीहरुको शेयरमा लगानी गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने।

३.२ चालु आर्थिक बर्षमा भएका शेयर खरिद बिक्रीको जानकारी गराउने।

**साधारण सभा सम्बन्धी जानकारी**

१. मिति २०८०/०८/१७ गते देखि २०८०/०९/१३ गते सम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिनेछ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०८/१५ गते सम्म ओ.टि.सि. कारोवार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ।

२. साधारण सभाको सूचना र आर्थिक विवरण शेयरधनीको दर्ता किताबमा कायम रहेको Email ठेगानामा पठाइनेछ र यस कम्पनीको शेयर रजिष्ट्रार कम्पनीको website: www.kmc.edu.np मा साधारण सभा हुने मिति भन्दा अगावै राखिने छ।

३. प्रोक्सी दिने शेयरधनीले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै रितपूर्वकको प्रतिनिधि पत्र (प्रोक्सी) कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता भएकोलाई मान्यता दिईनेछ। प्रोक्सी सम्बन्धी अन्य व्यवस्थाहरु विद्यमान कम्पनी ऐन र कम्पनीको नियमावली अनुरुप हुनेछ।

४. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, सिनामंगल काठमाडौंमा (कम्पनी सचिवको सचिवालय कार्यालय) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**

नोटः प्रथम पटक प्रकाशित सूचनामा विविध शिर्षक अन्तर्गत बुँदा नं. ३.२ मा अन्यथा भएकोमा सोलाई सच्याई प्रकाशित गरिएको छ।